सर्वोच्च अदालत

# फैसला कार्यान्वयन निर्देशनालय

२०६६

बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५९६०२
फोन नं. : ०१-४२४८२५१
web: www.supremecourt.gov.np
email:jed@supremecourt.gov.np

प.सं. ०७८/०७९
च.नं. ४९६

मितिः२०७८।१२।२५

श्री जिल्ला अदालत (सबै)

स्रेस्तेदार/तहसिलदार।

**विषयः** फैसला कार्यान्वयन सम्बन्धी परिपत्र ।

प्रस्तुत विषयमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को रणनीतिक उद्देश्य १.५ मा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने उल्लेख भई सो कार्यलाई विभिन्न उदेश्यहरु र क्रियाकलापहरु मार्फत दिशा निर्देश गरिएको विषय सर्वविदितै छ । रणनीतिक योजनामा तोकिए बमोजिमको उद्देश्यहरु समयमै हाँसिल गर्न एवम् कार्यविधिगत एकरुपता कायम गर्न संस्थागत एवम् व्यवस्थापकीय सुधारका सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन श्री सर्वोच्च अदालतको मिति २०७८।११।१० को बैठकको निर्णय अनुसार अनुरोध छ।

देहायः

१. जिल्ला अदालतको आन्तरिक प्रयोग तथा सेवाग्राहिले प्रयोग गर्न सक्ने देवानी तथा फौजदारी प्रकृतिका दैनिक कामकाजमा प्रयोगमा आउने विभिन्न निवेदन, लगत किताव, म्याद, सूचना, कैदिपुर्जी, आदेशलगायतका पुरानो मुलुकी ऐन बमोजिमका ढाँचाहरुमा समयानुकुल परिमार्जन गरी तथा विभिन्न कानूनका अनुसूचीमा व्यवस्था भएका ढाँचाहरु (Templates) एकत्रित गरी जम्मा ३२ वटा ढाँचाहरु सर्वोच्च अदालतको मिति २०७८।११।१६ गतेको निर्णयले स्वीकृत भई सर्वोच्च अदालतको वेवसाईटमा **"निवेदनका ढाँचाहरु"** शिर्षकभित्र "फैसला कार्यान्वयन निर्देशनालय" भनी राखिएकाले त्यस्ता ढाँचाहरु कार्यान्वयनमा ल्याउने प्रबन्ध मिलाउनु होला,

२. सरकारवादी फौजदारी मुद्दामा अभियोगपत्रमा दसी प्रमाणको रुपमा पेश भएका वा जफतको माग दावी गरेकोमा त्यस्ता मूल्य खुल्ने सम्पति तथा साधनको मुल्य खुलाई आएमा मात्र अभियोगपत्र दर्ता गर्ने विषय मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११(३) मा व्यवस्था भएकाले सो कानूनी व्यवस्थाको कडाईका साथ लागू गर्नु गराउनु होला,

३. अभियोगपत्रमा कसुरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपुर्ति भराउने दावी लिईएकोमा क्षतिको स्पष्ट विवरण र प्रकृति उल्लेख गरी क्षतिपुर्ति भराउने प्रयोजनको लागि प्रतिवादीको वा निजको हक लाग्ने एकासंगोलको सम्पति भएमा सोको विवरण र त्यस्तो सम्पति नभएमा सोसमेत व्यहोरा खुलाई आएमा मात्र अभियोग पत्र दर्ता गर्ने गरेमा मात्र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११(४) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२(३) र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० मा सर्वप्रथमतः कसुरदारबाटै क्षतिपुर्ति भराईदिने भनी भएको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुने हुँदा सो कानूनी व्यवस्थाहरुको कडाईकासाथ लागू गर्नु गराउनु होला।

२०७८।१२।२५

वेदप्रसाद उप्रेती
महानिर्देशक

महानिर्देशक